मितिः २०८१/१०/२१

माननीय मन्त्री ज्यू
अर्थ मन्त्रलय, सिंहदरवार काठ्माण्डौं ।
माननीय अर्थमन्त्री ज्यू ,

बिगत तीन बर्षदेखी देशको अर्थतन्त्र साथै शेयरबजार अप्ठ्यारो अवस्थावाट गुज्रीरहेको छ । यसो हुनुमा राज्य तथा नियमनकारी निकायहरुमा रहेको नीतिगत अन्योलता र गलत नीति नै प्रमुख रुपमा जिम्मेवार देखिन्छ । लगातार घटिरहेको पुँजीबजारमा हालको सरकार निर्माण भए पश्चात् लगानीकर्ताहरुमा आएको आत्म बिश्वासको कारणवाट नियमित रुपमा सच्चिएको नभई सरकारले पुँजीबजारलाई हेर्ने सकारात्मक द्रिष्टीकोण नै हो । अतः मौद्रिक नीती मार्फत पटक पटक कसिलो नीती प्रयोगमा ल्याई पुँजीबजारलाई धरासायी बनाईएको अवस्थावाट आम-लगानिकर्ताहरुको मनोबल बढाउन यस सरकारले आगामी दिनमा विषेश पहल गर्ने छ भन्नेमा हामी लगानीकर्ता बिश्वस्थ हुन चाहान्छौं । अतः सरकारले Capital Market मा लगानी गरेका लगानीकर्ताहरुको मनोबल बढाउन बिगतमा ल्याईएका पुँजीबजारलाई प्रभाबित पार्ने निम्न बुदाँगत नितीगत सुधारहरुको पहल गरि दिन हुन बिनम्र् अनुरोध गर्दछौं ।

१) लगानिकर्ताहरुको सम्पत्ति संम्बन्धि मौलिक अधिकारलाई कुण्ठीत गरी एउटा ब्यक्ति तथा परिवारलाई एकल ग्राहक सिमा भित्र राखि एकाघर परिवारमा बढिमा १५ करोड मात्र शेयर धितो राखी कर्जा लिन पाउने ब्यवस्थालाई ब्रोकर मार्फत मार्जिनल्याण्डिङ्ग कार्यान्वयनमा नआए सम्म उक्त NRB ले Loan against share मा लगाईएको Cap हटाउन पहल गरि दिन हुन अनुरोध गर्दछौं ।

२) नेपाल राष्ट्रबैक द्वारा शेयर कर्जामा लगाईएको जोखिम भार (Weight Risk) लाई १२५ प्रतीसत बाट घटाई सबै शेयर धितो कर्जामा १०० प्रतीसत कायम गरिदिन हुन अनुरोध गर्दछौं ।

३) ब्यवसायीहरुलाई पलायन गराउने गरि ल्याउन लागिएको बाफिया ऐनलाई लागु गर्न वाट रोकिनु पर्छ, साथै पुँजीबजारमा नकारात्मक प्रभाव पार्न सक्ने, जस्तो बैंकहरुमा लगानी बमोजिम लगानिकर्ताको मुख्य योग्यता भनेको कम्पनीको शेयरमा लगानी हुने नै भएकोले योग्य ब्यक्तिलाई कम्पनीहरुको बोर्डमा प्रतिनिधित्व गर्न पाउने अधिकारबाट लगानिकर्तालाई बन्चित गर्ने खालका ऐनमा भएका बिरोधाभाष कानुनी ब्यबस्थालाई ब्यवहारिक बनाएर लागु गर्न वा साबिककै ब्यबस्थालाई निरन्तरता दिनहुन अनुरोध गर्दछौं ।

४) नेपाल स्टकएक्सचेन्ज (NEPSE) मा नयाँ रणनितिक-साझेदार ल्याई आधुनिक प्रबिधियुक्त पुर्नसंरचना गर्न जरुरी भइसकेको छ । अतः आजको ए,आईको प्राबिधिक युगमा सुरक्षित कारोबारका सबै उपकरण प्रयोगमा ल्याउन सकियोस र कारोबार पारदर्शी, सुरक्षित एबं विश्वसनिय बनाईयोस् ।

५) हाल बैंकमा पर्याप्त तरलता भएको अवस्थामा ब्रोकर मार्फत सहज तरिकाले उचित ब्याजदरमा आम लगानिकर्तालाई मार्जिनल्याण्डिङ्ग मार्फत कारोवार गर्ने ब्यवस्थाको तत्काल नीतिगत ब्यवस्था मिलाउनको लागि पहल गरिदिन हुन अनुरोध गर्दछौं ।

६) शेयर कारोबारमा लाग्ने बिभिन्न शुल्कहरु मध्य हरेक कारोवारमा लाग्ने हक हस्तान्तरण शुल्क (DP Charge) बाट बहुसङ्ख्यक सानो कारोवार गर्ने लगानीकर्तालाई ठुलो मर्कामा पारेको हुदाँ उक्त शुल्कलाई

खारेज गरि अन्य कमिशन दरहरुलाई समेत घटाउन पहल गरिदिन हुनको साथै राजश्वमा लाग्ने Capital Gan Tex मा परिमार्जन गरि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप Long Term , Medium term र Short term investment को आधारमा बर्गीकरण गरि उक्त कर प्रणाली कायम गरिदिन हुन अनुरोध गर्दछौं । यसरी लिईने Capital Gan Tex लाई राज्यद्वारा प्राथमिक क्षेत्र तोकी नीतीगतरुपमै अन्तिम कर को रुपमा लागु गराई दिन हुन समेत बिनम्र अनुरोध गर्दछौं ।

७) आइपिओ निस्काशनमा एकरुपता ल्याईयोस् । साना तथा मझौला कम्पनिहरुमा हालै भएको ब्यवस्था अनुसार न्यूनतम ५०० कित्ताको प्रावधानमा संशोधन हुन जरुरी छ। साथै प्रिमियममा आईपिओ निस्काशनको बिधिलाई रोकी उपर्युक्त कम्पनिहरुलाई मात्र बुकबिल्डिङ प्रक्रिया मार्फत अनुमति दिन हुन जरुरी भएको छ ।

८) पुँजीबजारमा सुचिकृत कम्पनीहरुको मुल कानुन कम्पनी ऐन हुने भएकोले अन्य सम्बन्धित निकायहरुले आ-आफ्नो कानुन बनाउदा सोही अनुसार बनाई लागु हुनु पर्नेमा प्रभाव वा दवाबमा धितोपत्र बोर्ड वा राष्ट्रबैंक जस्ता नियमन निकायहरु द्वारा नियमावलि बनाई मुल कानुन संग नबाझिने गरि लागु गरिनु पर्दछ ।

९) पुँजीबजारको बिकाश र बिस्तारका लागी नियमनकारी निकायहरुको समन्वय एवं कार्यगत नितीमा एकरुपता ल्याउनको लागी स्वतन्त्र पुँजीबजार सुधार आयोग गठन गरि ऐनहरुमा नितीगत सुधार गर्नु जरुरी भैसकेको छ । साथै राष्ट्रबैंक वा सरकार द्वारा जारी नितीगत ब्यवस्थामा बजारलाई नकारात्मक प्रभाव पार्ने बुदाँहरुमा बिषेश ध्यान दिई  पुँजीबजारको लागी स्थिर निती लागु हुनु पर्ने देखिन्छ ।

१०) बजारको दायरा फराकिलो बनाई अन्तर्राष्ट्रिय बजारमा रहेको लगानि भित्रयाउन ग्रैर-आवासिय नेपालिहरुलाई बिनाशर्त लगानीको बातावरण बनाउन  नितिगत ब्यवस्था कार्यान्वयन गर्न जरुरी रहेको छ ।

उल्लेखित बुदांगत कार्यहरु गर्नका लागी नेपाल सरकार, अर्थमन्त्रालय, नेपाल राष्ट्रबैंक, धितोपत्रबोर्ड, स्टक एक्सचेन्ज, बिमा प्राधिकरण जस्ता नियमनकारी निकाय मार्फत कार्यान्वयन गराउन माननिय मन्त्री ज्यू मार्फत पहल हुने कुरामा हामी सम्पुर्ण लगानिकर्ताहरु बिश्वस्थ रहेका छौं ।

भवदीय,

| | | | |
|---|---|---|---|
| दिपक कार्की | घनश्याम पाण्डे | ऋतुजंग जि.सी.(जगतजङ्ग) | प्रकाश रजौरे |
| जनरल इनभेष्टर एसोसियसन | नेपाल शेयरधनी संघ | साधारण लगानिकर्ता संघ नेपाल | नेपाल धितोपत्र लगानीकर्ता संघ |